ndis

# तपाईंले NDIS कोष खर्च गर्न नहुने सहायताहरू

Nepali | नेपाली

सजिलै पढ्न सकिने (Easy Read)



# यस पुस्तिका बुझ्नको लागि मद्दत

तपाईंको मद्दतको लागि कोहि न कोहि हुन्छ जसले:



- तपाईंलाई यो पुस्तिका बुझ्न मद्दत गर्नेछ
- तपाईंलाई थप जानकारी खोज्न मद्दत गर्नेछ।



सम्पर्कबारे जानकारी यस पुस्तिकाको अन्त्यमा छ।


# यस पुस्तिकाको बारेमा

राष्ट्रिय अपाङ्गता बीमा एजेन्सी (NDIA) ले यो पुस्तिका लेखेको हो।



जब हामी “हामी” शब्द प्रयोग गर्छौं, यसको अर्थ NDIA हो।

हामी राष्ट्रिय अपाङ्गता बीमा योजना वा NDIS प्रदान गर्छौं।



यो पुस्तिका तपाईंले NDIS कोष खर्च गर्न नहुने सहायताहरूको बारेमा हो।


# तपाईंले NDIS कोष खर्च गर्न नहुने सहायताहरु

## दैनिक जीवनयापनको लागत



दैनिक जीवनयापनको लागत निम्न चिज हुन्:

- तपाईंले हरेक दिन किन्ने
- तपाईंले प्रत्येक महिना तिर्ने।



यहाँ ८ वटा दैनिक जीवनयापनका लागतहरू छन् जसमा तपाईंले NDIS कोषमा खर्च गर्न **सक्नुहुन्न**।

1. तपाईंले आवास र घरायसी खर्चमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।



आवास र घरायसी खर्च भनेको तपाईं बस्ने ठाउँको खर्च हो। उदाहरणका लागि, तपाईंको घरभाडा।


2. तपाईंले वित्त र भुक्तानीहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।



वित्त र भुक्तानी भनेको तपाईंले अरू कसैलाई दिनुभएको पैसा हो। उदाहरणका लागि, तपाईंले गिर्जाघरलाई दिने पैसा।



3. तपाईंले खाना र किराना सामानहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।



4. तपाईंले जीवनशैलीका लागतहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**। उदाहरणका लागि, चुरोट र रक्सी।



5. तपाईंले कपडा र सौन्दर्यमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**। उदाहरणका लागि, कपाल काट्ने खर्च।



6. तपाईंले यात्रा र यातायातमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**। उदाहरणका लागि, छुट्टीमा जाँने खर्च।



7. तपाईंले घरपालुवा जनावरहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।

8. तपाईंले प्रजनन र परिवार सम्बन्धित लागतहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।



प्रजनन र परिवार सम्बन्धित लागत भनेको तपाईंलाई बच्चा जन्माउन मद्दत गर्ने लागत हो।

## सहायताहरू जुन प्रमाणमा आधारित छैनन्




प्रमाणमा आधारित भनेको कुनै कुरा प्रभावकारी र लाभदायक साबित हुनु हो।

प्रभावकारी भनेको जसले केहि राम्रो काम गर्दछ।

लाभदायक भनेको तपाईको लागि केहि राम्रो हुन्छ।

तपाईंले वैकल्पिक उपचारको लागि NDIS कोषमा खर्च गर्न **सक्नुहुन्न**।


वैकल्पिक उपचारहरूमा निम्न चीजहरू समावेश छन्:




- क्रिस्टल थेरापी
- कडल थेरापी
- गेमिङ थेरापी
- कोचिङ थेरापी
- ऊर्जा थेरापी।

## स्वास्थ्य सँग सम्बन्धित सहायता

तपाईंले निम्नमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**:



- तपाईंको अपाङ्गताको हिस्सा नभएको स्वास्थ्य समस्याको उपचार
- औषधीहरू
- एम्बुलेन्स सेवा।




## मानसिक स्वास्थ्य सँग सम्बन्धित सहायता

तपाईंले निम्नमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**:





- मानसिक स्वास्थ्य समस्या उपचार गर्न औषधि
- अस्पताल मानसिक स्वास्थ्य सेवाहरू
- लागूपदार्थ र रक्सीको समस्याहरूको लागि उपचार।

## बाल संरक्षण र परिवारलाई सहयोग सम्बन्धि सहायता

बाल संरक्षण भनेको बच्चालाई सुरक्षित राख्न मद्दत गर्नु हो।



परिवारलाई सहयोग भनेको परिवारको लागि थेरापी हो।

तपाईंले निम्नमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**:



- अभिभावकहरूका लागि कार्यक्रमहरू
- बेबीसिटरहरू (शिशू रेखदेखकर्ता)
- विवाह परामर्श।



विवाह परामर्श भनेको तपाईंको वैवाहिक समस्यामा मद्दत गर्नु हो।

## प्रारम्भिक बाल विकाससँग सम्बन्धित सहायता




प्रारम्भिक बाल्यकालको विकास भनेको बच्चा कसरी हुर्कन्छ र नयाँ कुराहरू सिक्छ भन्ने हो।



तपाईंले बाल हेरचाह जस्ता कुराहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।

## विद्यालय शिक्षा सम्बन्धित सहायता

तपाईंले निम्नमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**:



- विद्यालय पोशाक
- विद्यालय शुल्क



- विद्यालयका किताबहरू।

## उच्च शिक्षा र व्यावसायिक शिक्षा तथा तालिमसँग सम्बन्धित सहायताहरू



उच्च शिक्षा भनेको तपाईंले हाई स्कूल पूरा गरेपछि लिने शिक्षा हो। उदाहरणका लागि, विश्वविद्यालय।



व्यावसायिक शिक्षा तथा तालिम यसको मतलब तपाईंले कामको बारेमा सिक्नु हुन्छ।

तपाईंले निम्नमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**:



- विश्वविद्यालय शुल्क
- उच्च शिक्षा दिने ठाउँमा काम गर्ने व्यक्तिबाट लिने सेवाहरू।

तपाईंले शिक्षा वा तालिममा जाँदा यातायातको लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्न** यदि तपाईंले निम्न गर्न सक्नुहुन्छ भने:




- आफै यात्रा गर्न
- सार्वजनिक यातायात प्रयोग गर्न।

## रोजगारीसँग सम्बन्धित सहायता



तपाईंले निम्नमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**:

- अपाङ्गता रोजगारी सेवाहरू
- तपाईंले आफ्नो काम गर्न आवश्यक चीजहरू



- तपाईंले काम गर्ने ठाउँमा पहुँच सुधार गर्न परिवर्तनहरू।



पहुँच भनेको सबैले यसलाई प्रयोग गर्न सक्छन्।

## आवास र सामुदायिक पूर्वाधारसँग सम्बन्धित सहायताहरू



सामुदायिक पूर्वाधार भनेको सबैले प्रयोग गर्न सक्ने कुरा हो। उदाहरणका लागि, पार्क र सार्वजनिक भवनहरू।



तपाईंले निम्नमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**:


- बस्नको लागि चाहिने मानिसहरूका लागि घरहरूमा
- बस्ने ठाउँ नभएका मानिसहरूका लागि सेवाहरूमा




- परिवर्तनहरू जसले भवन वरिपरि घुम्न सजिलो बनाउँछ।

## यातायात सम्बन्धित सहायता

तपाईंले निम्नमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**:



- बसहरू
- रेलहरू
- ट्रामहरू



- घरपालुवा जनावर र जनावर साथीहरूका लागि यातायात।

जनावर साथीहरू जनावरहरू हुन् जसले तपाईंलाई शान्त महसुस गर्न मद्दत गर्दछ।

## न्यायसँग सम्बन्धित सहायता



न्याय भनेको जब तपाईं अपराध गर्नुहुन्छ र अदालत जानु पर्छ।

तपाईंले हिरासतमा रहेको व्यक्तिको दैनिक हेरचाहमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**। उदाहरणका लागि, जेलमा परेको व्यक्ति।



तपाईंले तपाईंको मानसिक स्वास्थ्य बारे पूर्व-फैसला रिपोर्टमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।

पूर्व-फैसला रिपोर्टहरूको अर्थ एक विशेषज्ञले न्यायाधीशलाई तपाईंको मानसिक स्वास्थ्यको बारेमा बताउँनु हो।



तपाईंले सुपरिवेक्षण र अनुगमनमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।

सुपरिवेक्षण र अनुगमन भनेको तपाईंले सही काम गर्नुहुन्छ भनी कसैले सुनिश्चित गर्नु हो।

## एज्ड केयर (वृद्ध हेरचाह) सम्बन्धित सहायता



एज्ड केयर (वृद्ध हेरचाह) भनेको तपाईं बुढेसकाल लागे पछि प्राप्त गर्नुहुने हेरचाह हो। उदाहरणको लागी, जब तपाईं ६५ वर्षको वा सो भन्दा बढी हुनुहुन्छ।

तपाईंले मूलाधार एज्ड केयर (वृद्ध हेरचाह) सेवाहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।

## गैरकानूनी सामान र सेवाहरू



गैरकानूनी भनेको अनुमति नभएको कुरा हो।

तपाईंले अनुमति नभएको कुरामा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।


उदाहरणका लागि, तपाईंले गैरकानूनी लागु पदार्थहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।

## आम्दानी प्रतिस्थापन



आम्दानी प्रतिस्थापन भनेको तपाईंले प्राप्त गर्नुहुने पैसा हो यदि तपाईं:

- को काम छैन
- काम गर्न सक्नुहुन्न।



तपाईंले ऋण भुक्तानी जस्ता कुराहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्न**।

## यस पुस्तिकाको बारेमा थप जानकारी

यस पुस्तिकाको बारेमा थप जानकारीको लागि, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।



### तपाईं हामीलाई फोन गर्न सक्नुहुन्छ


1800 800 110





### तपाईंले हामीलाई इमेल पठाउन सक्नुहुन्छ

enquiries@ndis.gov.au



### तपाईं व्यक्तिगत रूपमा हाम्रो कार्यालयहरू मध्ये एक मा भ्रमण गर्न सक्नुहुन्छ

तपाईंले NDIS वेबसाइटमा आफ्नो स्थानीय कार्यालय फेला पार्न सक्नुहुन्छ। ndis.gov.au/contact/locations

# NDIA को बारेमा थप जान्नुहोस्




**हाम्रो वेबसाइटमा जानुहोस्**

[ndis.gov.au](ndis.gov.au)

**हाम्रो सामाजिक च्यानलहरूमा हामीलाई पछ्याउनुहोस्**

फेसबुक, ट्विटर, इन्स्टाग्राम, यूट्यूब, LinkedIn

# हामीलाई सम्पर्क गर्न मद्दत प्राप्त गर्नुहोस्

## अंग्रेजी बुझ्न मद्दत चाहिने मानिसहरूका लागि



तपाईंले अनुवादन तथा दोभाषे सेवा (TIS) लाई फोन गर्न सक्नुहुन्छ।

131 450

## बहिरा वा सुन्न नसक्ने व्यक्तिहरूका लागि




तपाईं राष्ट्रिय रिले सेवा प्रयोग गर्न सक्नुहुन्छ।

relayservice.gov.au



तपाईं पाठ सन्देश टेलिफोन मोड (TTY) प्रयोग गर्न सक्नुहुन्छ।

1800 555 677



तपाईं आवाज रिले प्रयोग गर्न सक्नुहुन्छ।

1800 555 727

यो सजिलै पढ्न सकिने (Easy Read) पुस्तिका Scope (Aust) Ltd. द्वारा नोभेम्बर 2024 मा Picture Communication Symbols (PCS) को प्रयोग गरेर सिर्जना गरिएको थियो। PCS, Tobii Dynavox LLC को ट्रेडमार्क हो। सर्वाधिकार सुरक्षित छ। अनुमति लिएर प्रयोग गरिएको। यो पुस्तिका तेस्रो पक्षहरूलाई बेच्नु हुँदैन। अनुमति बिना चित्रहरु पुन: प्रयोग गर्नु हुँदैन। चित्रहरुको बारेमा थप जानकारीको लागि, स्कोप (Scope) लाई 1300 472 673 मा सम्पर्क गर्नुहोस् वा scopeaust.org.au मा जानुहोस्